**२०७६ साल आश्विन १६ गते बिहीबार दिउँसो २:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सार्वजनिक निकायको औपचारिक बैठक तथा समारोह सञ्चालन निर्देशिका स्वीकृत गर्ने सम्वन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पोखरा महानगरपालिका वडा नं. ११ काहूँडाडामा निर्माण हुन लागेको धर्मकाया बुद्ध मण्डलालाई राष्ट्रिय प्राथमिकता प्राप्त योजनामा सूचिकृत गरिदिन नेपाल सरकार तथा राष्ट्रिय योजना आयोगमा सिफारिश गर्ने सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको विभिन्न संस्थाहरुलाई अनुदान दिने सम्वन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्याउ विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गर्ने सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. भौतिक पूर्वाधार विकास मन्त्रालयको यातायात व्यवस्था सेवा कार्यालयलाई यातायात व्यवस्था कार्यालयमा स्तरोन्नति गर्ने सम्वन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

६. सामाजिक विकास मन्त्रालयको गण्डकी प्रदेशमा सञ्चालनमा रहेको क्षेत्रीय क्षयरोग केन्द्र र सो सम्वन्धी सम्पूर्ण पूर्वाधार प्रदेश सरकारलाई हस्तान्तरणका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने सम्वन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

७. नेपालीहरुको महान चाड विजया दशमी, शुभ दीपावली, छठ, उधौली, ईद, ल्होछार, नेपाल सम्वत् ११४० को पुनीत अवसरमा सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीवहिनीहरुमा सुख, शान्ति, दीर्घायु, सु-स्वास्थ्य, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने।